कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ५७ ने. सं. ११३२ अनलाथ्व त्रयोदशि बुधवा: २०६९ भाद्र १३ गते बुधवार (Aug - 29, 2012) मुल्य : ५/- (न्यातका)

कीर्तिपुर नगरपालिकामा दवावका लागि

पूर्व जनप्रतिनिधि मंच गठन गरिने

कीर्तिपुर सन्देश /

कीर्तिपुर नगरपालिकालाई विकास निर्माणका काममा आवश्यक सहयोग गर्न, सल्लाह दिन र आवश्यकता अनुसार दवाव समेत दिन नगरपालिकाका पूर्व जनप्रतिनिधिहरूको छुट्टै संगठन 'पूर्व जनप्रतिनिधि मंच' गठन गरिने भएको छ।

पूर्व जनप्रतिनिधि सरब कुमार महर्जन प्रस्तावकको रुपमा रहेको सो मंच गठनका लागि कीर्तिपुर नगरपालिकाका पूर्व जनप्रतिनिधिहरूलाई पत्र पठाई सकेको थाहा भएको छ। पांगाको चीखुमा रहेको सेतो गुराँस बाल विकास केन्द्रको भवनमा आउदो शनिवार भाद्र १६ गते विहान साढे १० बजे हुने पूर्व जनप्रतिनिधिहरूको भेलाले सो मंच गठन गर्ने प्रस्ताव गरेको महर्जनले कीर्तिपुर सन्देशलाई जानकारी दिनु भएको छ।

तत्कालिन समयमा कीर्तिपुरका लायकू गाविस, चीठू विहार गाविस, पालिफल गाविस, बाहिरिगाउँ गाविस, विष्णुदेवी गाविस, वालकुमारी गाविस, चोभार भूतखेल गाविसर चम्पादेवी गा.वि.स. लगायतका गाविसहरूमा भएको स्थानीय निकायको चुनाववाट २०४८ सालमा जनप्रतिनिधि भएकाहरू र त्यसपछि २०५३ सालमा कीर्तिपुर नगर पालिकामा परिणत भएपछि २०५४ सालको स्थानीय निकायको निर्वाचनमा जनप्रतिनिधि भएकाहरू सो भेलामा सहभागी हुने बताइएको छ।

पूर्व जनप्रतिनिधि मंच गठन गर्नका लागि पूर्व जनप्रतिनिधिहरूलाई गरिएको अनुरोध पत्रमा भनिएको छ- 'हामी संघीय लोकतान्त्रिक गणतन्त्रको यो अन्तरिम शैशवकालमा छौं। संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व दिने स्थानीय स्वायत्त तथा स्वतन्त्र निकायको अवधारणा अनुसार तत्कालै स्थानीय निकायको निर्वाचन पनि हुने अवस्था छैन। समय समयमा स्थानीय निकायको निर्वाचनको माग उठे पनि कार्यान्वयन हुने अवस्था देखेको छैन। तर संघीय लोकतान्त्रिक गणतन्त्रको जगको रुपमा स्थानीय निकाय नै रहेको छ। करिव १० बर्षसम्म जनप्रतिनिधिविहिन अवस्थामा नगरपालिका गुज्रिसकेको छ। त्यसैले पूर्व जनप्रतिनिधिहरूको मंच बनाई स्थानीय निकायको हरेक काममा सहयोग, दबाव सिर्जना गरी विकासका गतिलाई अझ बढाउनको लागि कसरी अगाडी बढ्ने भन्ने विषयमा छलफल सहित मंच गठनका लागि भेला गर्न लागेको हो।'

छलफलको विषयको रुपमा स्थानीय निकाय पूर्व जनप्रतिनिधि मंच गठन गर्ने, कीर्तिपुर नगरपालिकालाई विकास निर्माणका काममा आवश्यक सहायोग, सल्लाह, दबाव दिन, पूर्व जनप्रतिनिधिहरूको कार्यकालमा गरेका विकास निर्माणको योगदानलाई लिपिबद्ध गर्न र कीर्तिपुर नगरपलिकाको विकास निर्माण सम्वन्धि आफ्नो धारणा पेश गर्न भनी उल्लेख गरिएको छ।

स्थानीयवासीको छुट्टै अभियान

नगरपालिकाले कर बढि लिएको विरोधमा स्थानीयवासीले अभियान संचालन गरेको छ। पछिल्लो समयमा नगरवासीलाई दुःख दिने नियतले अनावश्यक रुपमा बढि कर लिएको र सो करको पनि सदुपायोग नगर को ठहर गर्दै कीर्तिपुरका प्रत्येक वडा/वडामा पप्पलेट टास्ने र आन्दोलका लागि भनी हस्ताक्षर समेत संकलन गर्ने कार्य जारी राखेको छ। निकट भविश्यमा नै जनस्तरवाटै संघर्ष समिति समेत गठन गर्ने तयारी भइर हेको सो अभियानमा लागेकाहरूले बताएका छन्। सो अभियानको संयोजकमा वडा नं. १३ का नरेश कटुवाल र सह संयोजकहरूमा १८ वडाका रमेश कुमार महर्जन र राजकुमार थापा रहेका छन्। विशेष गरि नक्सापास, अंशबन्दा, पसल, घर कर लगायतमा नगरपालिकाले अनावश्यक रुपमा कर बृद्धि गरेको उहाँहरूको आरोप रहेको छ।

VACANCY

Post : Jobber
Nos : 10
Qualification : Minimum +2 in any discipline
Extra Qualification : Must be expert in word, Excel and Internet Searching & Typing Speed
Salary : NRS 20,000 +
Interested Candidate Ca Apply with their hand written application, CV and testimonials
For More Details Contact

Mobiland Investment Pvt.Ltd
Ph 4332057
(Note : Selected Candidates should be taken paid)

मोबिल्याण्ड इन्भेष्टमेन्ट
लगानीको नयाँ क्षेत्र

तपाई पनि सुन, चाँदी, तामा, पितल, कच्चा तेलको अन्तर्राष्ट्रिय बजार मा सुरक्षित लगानी गरी प्रतिफल पाउन चाहनु हुन्छ भने हामी तपाईलाई सहयोग गर्छौं।

पहिला बुझ्नुहोस, सिक्नुहोस अनि आफूलाई सुरक्षित भए मात्र लगानी गर्नुहोस्।

विस्तृत जानकारीका लागि

मोबिल्याण्ड इन्भेष्टमेन्ट प्रा.लि.

नयाँबजा, कीर्तिपुर, सम्पर्क फोन : ४३३२०५७

नयाँ

शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।

युनिक टेलर्स नयाँबजार, फोन ४३३१०७८

नेपालभाषाया उपन्यास "व सु" व "थः सु कतः सु"

बजारय् पिहां वये धुंकल्लगु दु थःगु प्रति सुरक्षित यानादिसँ।
व सु या मू ५० ।- अले थः सु कतः सु या मू ७५।-

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

'चमत्कार' सहमतिको संकेत

राजनीतिमा नयाँ चक्र सुरु भएको कुरा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालदेखि कांग्रेस, एमालेका मात्र नभई अन्य राजनीतिक दलका नेताहरुले पनि स्वीकार गरेका छन् । गत आइतवार मात्र एमाओवादी, कांग्रेस र एमालेका शीर्ष नेताहरु वीच बैठक भएपछि प्रमुख दलका नेताहरु वीच सहमति हुने संकेत देखिन थालेको हो । यस्तो प्रकारका सहमतिका लागि शीर्ष नेताहरु वीच वार्ता संवाद हुने कुरा नौलो भने अवश्य पनि हैन । तैपनि यसपालिको बैठकलाई अलि बेग्लै किसिमको मान्न सकिन्छ । अरु बेलामा एमाओवादीका अध्यक्ष प्रचण्डको चर्को आलोचना गर्ने कांग्रेस र एमालेका नेताहरुले सो बैठकमा स्वयं प्रचण्डलाई नै विशेष पहलका लागि जिम्मेवारी दिइएको छ । त्यसको भोलिपल्ट अर्थात सोमवार नै सेना समायोजन विशेष समितिको बैठक बसी समायोजनको सवालमा प्रक्रिया अगाडी बढाउने सहमति समेत भएको छ । लामो समयसम्म कांग्रेस र एमालेले सो विशेष समितिको बैठक बहिस्कार गर्दै आएको थियो । कांग्रेस एमालेले बैठक बहिस्कार गरेका कारण सेना समायोजन विशेष समितिको म्याद स्वतः समाप्त भएको र हालै मात्र सरकारले सो विशेष समितिको म्याद पुनः थप गरेको थियो । त्यति मात्रै भएन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आह्वान गरेको बैठकमा समेत कांग्रेस एमालेका नेताहरुले बहिस्कार गर्दै आएको थियो ।

कामचालाउ सरकार भन्दै अध्यादेशको माध्यमबाट सरकार चलाएर आफ्नो आयु लामो पार्न षडयन्त्र गऱ्यो भनी आवाज उठाउदै राष्ट्रपतिलाई समेत उक्साउदै हिडेका कांग्रेस एमालेका नेताहरु पछिल्लो समयमा चुप लागेर बसे । गत सोमवार मात्रै सरकारले चार वटा अध्यादेश स्वीकृतिको लागि राष्ट्रपतिकहाँ पठाउने भनी निर्णय गरेको छ । तैपनि विपक्ष दलहरु चुप बसे ।

यी घटनाक्रमलाई हर्दा पछिल्लो समयमा दलहरु वीच कुरा मिल्न लागेको हो कि भनी जो कसैले पनि प्रश्न उठाउनु स्वाभाविक नै हो । यी सबै घटनाक्रम हेर्दाखेरि पछिल्लो समयमा प्रमुख दलका दोस्रो पुस्ताका नेताहरु यो वा त्यो बहानामा लागातार भारतमा पुगेको र भारतले नै अहिलको अवस्थामा तीन दल मिल्नुको विकल्प नभएको भन्दै ती नेताहरुलाई दबाव दिएका कारण सायद् अकस्मात रुपमा ती दलका नेताहरु सहमतिमा पुग्न प्रयास गरेको अनुमान गर्न सकिने अवस्था आएको छ । अब केहि दिन पछि नै नेपालका प्रधानमन्त्री डा. भट्टराई भारतका प्रधानमन्त्री पनि इरानमा जादै हुनुहुन्छ । त्याहाँ दुई देशका प्रधानमन्त्रीवीच निर्णायक गोप्य बैठक हुने संभावना र हेको छ । त्यसैले प्रधानमन्त्री त्यहाँबाट फर्केपछि चमत्कारी रुपमा तीन दलका नेताहरु वीच सहमति भयो भने कुनै आश्चर्य मान्नु पर्ने अवस्था छैन । किन कि गुरुमन्त्र दिने एउटै भएपछि सहमति जुनसुकै बेलामा पनि हुन सक्ने कुरा पनि बुझ्नु जरुरी छ ।

कीर्तिपुरको विकास र सार्वजनिक जग्गा

रमेशकुमार महर्जन

असत्य कुरा गर्नु निचत्वको लक्षण हो । उत्तम महापुरुषहरूले जीवनको अन्त्यसम्म पनि असत्य कुरा बोल्दैनन् । जसले झुठो कुरा गर्दछ, क्षणिक रुपमा केही समयको लागि ऊ सत्यको नजिक पुगेको आभाष हुन्छ, अन्तत्वगत्वा ऊ संसारद्धारा नै घृणित हुन पुग्दछ। जहां असत्यै असत्यहरूको बास हुन्छ, त्यहाँ जीवनको गति पनि हुंदैन र जीवनको लौकिकता समेत समाप्त हुन्छ। जीवन साँच्चै नै सत्य र बिश्वासमा टिकेको हुन्छ । जसले वर्तमानको बिश्वास पनि नगर्ने भबिष्यको सोच पनि नगर्ने, संधै शंका उपशंकाको भरमा काम गरी राख्ने, फेरी सेतो वदल्ने नाममा कालो रंगमा वदल्न खोज्ने व्यक्तिले संसारमा नगर्ने पाप भनेको केही पनि हूँदैन । यस उक्ति यस पंक्तिकारको नभएर बुद्धधर्मको धम्मपद(१७६ बाट सारांश गरिएका हुन् ।

कीर्तिपुरका जनताहरू त्यसैं त राज्यद्धारा अपहेलित र दमित अवस्थामा पुगि राखेको छ । त्यो चाहे रोजगारको कुरा होस्, अथवा आफ्नो भएको सानो जग्गाजमिन पनि राज्यद्धारा विश्वविद्यालय बनाउने नाममा, कृषि बागवानी केन्द्र खोल्ने नाममा, वा धार्मिक संघसंस्थाहरू स्थापना गराउने नाममा हजारौ रोपनी जग्गाहरू लुटिएका, ठगिएका होस् । हामी कीर्तिपुर का जनताहरू धन्न कति सहन सक्ने, जति दुःखकष्ट भएतापनि अपमान सहन सक्ने जनताहरू । धन्यधन्य हाम्रा नगरका नागरिकहरू। एकातिर राज्यद्धारा बलपुर्वक जग्गाजमिन खोस्ने, अर्को तिर अव सानातिना बांकि रहेका सार्वजनिक जग्गाहरू पनि कीर्तिपुर नगरपालिकाले आफुखुसी बिभिन्न ८ वटा संघ संस्थाहरूलाई दान दिदै पुण्य कमाउन तिर लागे। अव हाम्रा भाबि पुस्ताहरूले खेलकुद मैदान, सभाहल, मनोरंन्जन पार्क बनाउन जग्गा मागे हाम्रा भाबि पुस्तालाई हामीहरूले के जवाफ दिने ? भएको एउटा रंगशाला पनि राज्यले क्रिकेट मैदान बनाउन लिईसके भने अव तेस्रो डिभिजन मान्यता पाएको कीर्तिपुरको नयां व्वाईज युनियन क्लवको गठन भएको छ । यो गठन प्रकृयासंगै कीर्तिपुर लगायत यसका आसपासका फुटबल प्रेमी जनताको लागि एउटा खुसीको त्यान्द्रो अडेको छ । समय सापेक्ष फुटवल खेलको बिकास गर्ने हो भने अव एउटा व्यवस्थित रंगशाला बनाउनु पर्ने जरुरी हुन्छ, त्यसको लागि चाहियो खेलकुद मैदान, जसमा हजारौ दर्शकहरू समेत अटाउन सकोस् । "आफु ताक्छ मुडो बन्चरो ताक्छ घुँडो" भने झै कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका राम्रा राम्रा असलदार सार्वजनिक जग्गाहरू सबै कठित संघसंस्थाहरूद्धारा कब्जा जमाउदै जाने अनि हाम्रा नानीहरूको लागि खेलकुद मैदान, कभरहल, हाम्रा बृद्ध बाहरूका लागि व्यायामशाला, योगशाला आदि ईत्यादि बनाउनको लागि जग्गा खोज्न कहाँ जाने ? सोचनीय बिषयबस्तुहरू अगाडी छयाङ्गै छ, खेलकुद क्षेत्र बिकास गर्नु पर्छ भनि लागि पर्नु भएको आर णीय् खेलकुद अग्रजहरूलाई चेतना भया ।

अनिक्कसावो कासावच्यो वत्थ परिदहेस्सति ।

अपेतो दमसच्चेन(न सो कासावम रहति" ॥ धम्मपद(१८४

अर्थात्, ईन्द्रिय दमन नगरी सधैं सत्य ज्ञानबाट टाढा भागि हिड्ने, आफ्नो मनलाई स्वच्छ नराख्ने, भिक्षुहरूलाई पहेलो बस्त्र सुहाउँदैन ।

कीर्तिपुरका जनताहरूको सार्वजनिक जग्गा हडप्न प्रयासरत् मध्ये कै एक हुन सुलक्षण कीर्ति बिहारका भिक्षुणी अनोजा मानन्धर, जो सिधा भौतिक आँखाले दृष्टिगोचर गर्दा पहेलो बस्त्र पहिरेका भिक्षुणी हुन् । तर उनले गरी आएका बिभिन्न नकारात्मक कृयाकलापले गर्दा यहाँ बौद्ध धर्म मान्ने नमान्ने असंख्य जनताहरू किंकर्त–व्यबिमुख भएका छन् । बौद्ध बिहारका एक भिक्षुणीले बिहार वरपरका जग्गाहरू जबर्जस्ती हडप्नका निम्ति गर ेका अनेकौं तिकडमबाजि, तथा यस वरपर घाटक्षेत्रमा दाहसंस्कार गर्ने बिभिन्न गुठीका गुठीयारहरूलाई बिगतमा दिईएको दुःखकष्ट हेर्दा यो बुद्धधर्मको क्षान्ति पारमिताको घोर उल्लंघन भएको मान्न सकिन्छ । यस पापी कार्यको सम्बन्धमा संम्वन्धित निकायको ध्यान जानु जरुरी भैसकेको छ। यसको ज्वलन्त उदाहरणको रुपमा हालै निर्माणाधीन कीर्तिपुर -ललितपुर जोड्ने पक्की पुललाई उनी सहित परिचालित दलवलले भौतिक निमार्ण मन्त्रालयमा गई उक्त पुल त्यस ठाउँबाट तत्काल हटाउनु पर्छ भनी गरेको आग्रपूर्वाग्रह सिद्ध गर्दछ ।

मिति २०६४ साल पौष ९ गतेका दिन की.न.पा.१७, चोभार स्थित सुन्दरीघाट क्षेत्रको २५ रोपनी जग्गालाई एमालेको सरकारका केही कालाकाला संघियता विरोधी नेताहरूको सहयोगले भोगचलन गर्न दिएको भनिए तापनि मिति २०६८।२।२५ गते कृषि तथा सहकारी मन्त्रालय, व्यावसायिक कृषि तथा व्यापार आयोजना–द्धारा विश्व वैंकको सहयोगमा फ्युमिगेन भवन निमार्ण स्थलको साईनवोर्ड गाडिएकोमा, पछि सुन्दरीघाट चिहान संरक्षण समाज र नेपाल श्रृजनशील क्लव, चोभार को संयुक्त पहलमा हरितपार्क निर्माण गर्ने उद्देश्यका साथ राखिएको साईनवोर्ड उक्त बिहारको निर्देशनमा रातको समयमा च्यातचुत पार्ने कामले पनि यस बिहारको कालो कर्तुत छर्लङ्ग भएको छ । स्मरणरहोस् उक्त क्षेत्रमा कीर्तिपुर क्षेत्रमा कृयाशिल सर्वदलिय समिति, र नगरपालिका को संयुक्त बैठक, मिति २०६५साल फाल्गुण ४ गते बसी उक्त ठाउँमा हरितपार्क निर्माण गर्न रु.१५लाखको वजेट व्यवस्था गरी निर्माण कार्य समेत अघि बढाएका थिए । तर उक्त कार्यलाई बिहार पक्ष र तत्कालिन कीर्तिपुर नगरपालिका एमालेका केही नेताहरूका वाहुवलले नगर पालिकाका प्रमुखलाई दवदवामा राखी निर्माण कार्य रोक्न सफलिभूत भएका थिए । उक्त बिहारको बिभिन्न कर्तुत कार्य रोक्न सुन्दरीघाट चिहान संरक्षण समाजले मिति २०६५।१०।१७ देखि २० गतेसम्म कीर्तिपुर नगरपालिकामा तालाबन्दी भयो, सोही दिन त्रिपक्षिय सुन्दरीघाट चिहान संरक्षण समाज, नगर पालिका, तथा सुलक्षण बिहार का बीच ४ बुंदे सहमतिले नगर पालिकाको ताला तोडियो । यस त्रिपक्षिय सहमतिको बुंदा नं ३ मा लेखिएको छ - "उक्त बिहार ले भोगाधिकार भित्र बाहेक कुनैपनि क्षेत्र बिस्तार नगर्ने र कुनैपनि तरिकाबाट स्वामित्व र थप भोगाधिकार प्राप्त भएता पनि सो जग्गामा कुनैपनि भौतिक संरचना निर्माण नगर्ने" । यसरी त्रिपक्षित संम्झौता भएता पनि बेलाबेलामा औंसीपूर्णै लागे झै बिहारका आदरणीय तथाकथित् गुरुमा सुन्दरीघाट क्षेत्रका सुन्दर जग्गाहरू माथिको गिद्दे दृष्टि कुनै मानेमा सार्थक हुन सक्दैनन् ।

अन्तमा, बुद्धधर्मले त सकल प्राणि मात्रको मैत्री र करुणा भाव राखी सके सोह्र शील नसके आठ शील, त्यो पनि नसके पन्चशील पालन गरी यो धर्मलाई संसार कै उकृष्ट धर्म बनाउन प्रयत्न हुनु पर्ने हो ।

तर समाजका एकाध व्यक्ति जो बुद्धधर्मको नाममा पहेंलो बस्त्र(चिबर) ले प्रब्रजित भई सर्वसाधारण जनताको आँखामा भन्तेका रुपमा कलात्मक कुरा गरी आफ्नो स्वार्थ अनुकल जीवनयापन गर्दै जाने हो भने, पहेंलो बस्त्र त्यागी गृहस्थीमा बसी राजनीति गर्दा नै देश र जनताहरूको भलाई हुन्थ्यो कि ! साधु । साधु॥ साधु ॥

कीर्तिपुर नगरपालिका वडा नं.३ भरियापुखुसीमा भीषण आगलागीवाट पीडित परिवारजनलाई चन्दा सहयोग दिनु हुने व्यक्ति, संघ संस्थाहरूको विवरण क्रमसः यस पत्रिका कीर्तिपुर सन्देश साप्ताहिकमा प्रकाशित गर्दै जाने जानकारी गराउन चाहन्छु । (संपादक)

कीर्तिपुरमा रहेका १० वटा फोटो स्टूडियोहरूले प्रति स्टूडियो रु ५ सय सहयोग गरेको छ। ती स्टूडियोहरू निम्न अनुसार रहेका छन्।

१) मिलन स्टूडियो (रामभक्त महर्जन)
२) इमेज स्टूडियो (राम जन महर्जन)
३) ए टिम स्टूडियो (दुर्गालाल शाही
४) मोनालिसा स्टूडियो (पसुपति अधिकारी)
५) कलाकार स्टूडियो (नविन जोशी)
६)) एभरेष्ट स्टूडियो (प्रबिण जोशी)
७) युनिक फोटो स्टूडियो (गोपाल अधिकारी)
८) एसि डिजिटल स्टूडियो (राजेन्द्र अधिकारी)
९) राजेश डिजिटल स्टूडियो (राजेश मालि)
१०) बाघभैरव कलर ल्याब (बसन्त गिरी)

अन्य ५ सयको दरले सहयोग गर्नुहुनेहरू

विष्णु महर्जन, देवढोका
दिपेन्द्र महर्जन, गःछें
गौतम महर्जन, नगाउँ
किशोर महर्जन, खासीबजार,
सिद्धिबहादुर महर्जन, म्वानत्वाः
बुद्धि महर्जन, नयाँबजार
शिवशरण महर्जन, नयाँबजार
धनलाल महर्जन, तःननि
तःरि महर्जन, खासीबजार
सुकराम महर्जन, पाँगा
जयराम महर्जन, तःननि
राइमान शाक्य, नयाँबजार
लक्ष्मीशोभा शाक्य, नयाँबजार
प्रेमलाल गोपाली, थांबहाः
बालकृष्ण महर्जन, म्वानत्वाः
ईश्वर शाक्य, चीठू
मंगलमान, थांबाहाः
सुनिल महर्जन, नयाँबजार
किशोर महर्जन, थांबहाः
विश्व महर्जन, नयाँबजार
पूर्णबहादुर महर्जन, तःननि
धनबहादुर श्रेष्ठ, मातंख्यः
प्रदिप महर्जन, नयाँबजार
श्रीमाया, थतुभ्वः
विश्वम्भर महर्जन, नयाँबजार
कुलरत्न बज्राचार्य, सिंहद्वः
जमुना महर्जन, पाँगा
पञ्चुमाया महर्जन, भरयांपुखू
मनोज माली, बुंगमति
आलुमैं, भाजंगः
गोरखानाथ महर्जन, दबूचा
गुजे महर्जन, तःननि
सुजित कुमार श्रेष्ठ, धःपा
दिलमाया महर्जन, तुंभ्वः
तुयुमैं महर्जन, तःननि
आशारत्न बज्राचार्य, चिंलच्च
अशोकमुनि बज्राचार्य, नयाँबजार
ज्योतिराज बज्राचार्य, चिंलच्चं
मदन बज्राचार्य, चिंलच्च
हेरदेवी, निखासी
उमादेदेवी, बलखु

क्रमशः

ज्वजलपा सकसितं

गौरवशाली नेवार कसरी बन्ने ?

केही वर्ष अगाडि अंग्रेजिभाषामा लेखेको यो लेखलाई खसभाषामा उल्था गरेर पुनः सार्वजनिक गर्न चाहन्छु । लेख नपालभाषा आंशिक वा पूर्णरुपले विर्सिएका नेवार समुदाय लक्षित छ, तर अन्य गैरखस आदिवासी जनजातिहरूको निमित पनि सान्दर्भिक छ भन्ने ठान्दछु । कृपया नेवार शब्दलाई राई, लिम्बु, मगर, गुरुङ, तामाङ आदिको रुपमा पनि बुझिदिनुहोला ।

हामीकहाँ स्वच्छ दिल हुँदाहुँदै पनि गलत सूचनाले नराम्ररी दिमाग बिटुलिएका नेवारहरू यथेष्ट छन जो नेपालको वर्तमान अवस्थालाई असाध्यै गलत तरिकाले बुझि रहेका छन् । दुर्भाग्य, राज्यस्रोतबाट सञ्चालित संचार माध्यमहरू "खसभाषा मात्रै" नीति अख्तियार गरी बसेका छन, निजीस्रोतबाट सञ्चालित संचार माध्यमहरू पनि धेरैजसो त्यस्तै छन् । यी "खसभाषा मात्रै" नीति अंगाल्ने संचार माध्यमहरूले कुनै पनि मुल्यमा खसभाषा बोल्ने र खसभाषी मानिसहरू मात्रै सत्ता र शक्तिमा पुग्ने वातावरण बनाउन सघाइरहेका छन । जसको प्रत्यक्षमारमा आदिवासी जनजाति समूह परेका छन ।

दुःखलाग्दो घटनाको उदाहरण हेर्नुहोस । अचेलका नेवारले यस्तो लेखेको उदाहरण देख्न पाइन्छ । जातः नेवार, थर : श्रेष्ठ, महर्जन, तुलाधर, डंगोल वा यस्तै अन्य नेवार थर ।

भाषा : नेपाली (वास्तवमा खसभाषा जनाउन खोजेको हो, तर उनलाई बच्चैदेखि खसभाषाको नाम "नेपाली" घोकाइएको हुनाले नेपाली लेख्नु नै ठीक भन्ठान्छ ।) हेर्नुहोस उक्त नेवार कुन दिशातर्फ लम्कँदै छ । नेवार मात्र हैन धेरै गैर खसजातका आदिवासी जनजातिहरू गलत सूचना पाएको हुनाले खस भाषालाई "नेपाली" भन्ठानेको हो भन्ने चेतना पाएको नै छैन । यो तीतो सत्य हो । यस्ता दिग्भ्रमित नेवार युवाहरू फेसबुकतिर I am proud newar भन्दै लेख्दै हिंडेको पनि देखिन्छ । तिनले "खसभाषा र "नेपाली" बीच के फरक छ भन्ने हेक्का राखेको पाइदैन । यी मध्ये धेरैलाई त 'नेवार' भाषा र 'नेवारी' भाषा बीच फरक छ कि छैन, छ भने के फरक छ भन्ने पनि थाहा छैन ।

सन ८० को सुरुवाति दशकतिर काठमाण्डौं भित्र र वरपरका नेवार डाक्टर, इञ्जिनियर, प्राध्यापक, ठूला व्यापारी, उच्चपदस्थ कर्मचारी तथा अगुवाहरूले आफ्ना सन्तानलाई नेवार भाषा नसिकाइ खसभाषा सिकाउने अघोषित अभियान नै चलाए । ती उच्च घरानिया नेवारहरूको समाजमा इज्जत थियो, पढेलेखेका, जान्ने बुझ्ने भन्ने छाप थियो, तर तिनीहरूलाई के कुरो थाहा थिएन भने तिनीहरूले आफ्नै मातृभाषा परित्याग गरी सन्तानलाई समेत नसिकाउनु भनेको आफ्ना सन्तान र भविष्यको पुस्तामाथि एउटा जघन्य अपराध हो, जो तिनीहरू विनाकारण गर्दै थिए । आफ्ना सन्तानलाई 'नेपाली' भन्दै खसभाषा सिकाएर दिग्भ्रमित गर्नु भनेको आफ्नै मातृभाषाप्रति एउटा क्रुर भाषिक, साँस्कृतिक हमला गर्नु हो भन्ने पनि तिनले थाहा पाएनन् । किन यस्तो भयो ? त्यो पुस्ताका पढेलेखेका नेवारमा के खराबि भएकोले यस्तो गम्भीर गल्ती हुन गयो होला ?

भाषिक साँस्कृतिक हमला भनेको अतिक्रमणकारी आक्रमणकारीहरूले रैथाने वासिन्दाहरूमाथि नियन्त्रण जमाउन प्रयोग गर्ने एउटा पुरानो तर अचुक अस्त्र हो । यस्तो हमला इतिहासमा धेरै ठाउँमा धेरै पटक भएको छ । जस्तो कि पुर्तगाली भाषा नबोल्ने आदिवासी विरुद्ध ब्राजिलमा, यूरोपेलि भाषा नबोल्ने रेड इण्डियन विरुद्ध अमेरिकामा, जापानी नबोल्ने आइनु बिरुद्ध उत्तरी जापानमा, स्पेनी नबोल्नेहरू बिरुद्ध ल्याटिन अमेरिकामा, फ्रान्सेली नबोल्नेहरू बिरुद्ध पश्चिम अफ्रिकामा इत्यादि । ती सबै घटनाहरू क्रुर इतिहासका सत्य साक्षि हुन जसले भाषिक साँस्कृतिक अतिक्रमणबाट शुरु भएको आक्रमण विस्तारित हुँदै गएर जातिय संहार (ethnic cleansing) मा टुङ्गिएको वास्तविकता अभिलेख गरेको छ । यस्तै दुर्भाग्यपूर्ण चेपुवामा नेवार समुदाय पनि परेको छ, फसिसकेको छ ।

यदि तपाई आफ्नो भाषा एकपल्ट मात्रै बिलाउन वा दुषित हुन दिनुभयो भने पनि त्यसको पुनरुत्थान गर्न धेरै धेरै पुस्तासम्म निरन्तर कठीन संघर्ष गर्नु पर्ने हुन जान्छ । एकपल्ट भाषाको प्राधिकार हातबाट गुम्यो भने त्यो भाषा निकै छिटो लोप नै हुने खतरा हुन्छ र साथसाथै भाषासित गाँसिएको पहिचान पनि लोप हुनसक्छ । यदि नेवार वालवालिकालाई स्कुलमा नपढाउने हो भने, सम्भव भएको सबै ठाउँमा प्रयोग गर्ने वातावरण र प्रोत्साहन नदिने हो भने त्यसले नेवार भाषा लोप त गराउँछ गराउँछ, साथै नेवार सभ्यता परम्परा, संस्कृति र सम्पूर्ण सभ्यता नै लोप गराउने छ । हो प्राचिन रोमन सभ्यताको दुर्दशा त्यसरी नै हुँदै जाँदा यो अहिले विश्वबाट नै लोप भइसक्यो भन्दा हुन्छ । हामी देख्छौं कि अझै रोमन धरोहरहरू ठडिएको छ, रोमन स्मारकहरू पर्यटकलाई तान्दै छ, रोमन कला, चित्र र वास्तुकलामाथि आकर्षण घटेको छैन, तर रोमन सभ्यता मरी सक्यो । किन कि वास्तविक रोमन भाषा बोल्ने लेख्ने वा प्रयोग गर्न सक्ने मानिसहरू अब छैनन् भने पनि हुन्छ । यदि नेवार सभ्यताले त्यही बाटो पछ्यायो भने निकट भविष्यमा नै हामी के देख्नेछौं भने त्यहाँ प्यागोडा शैलिका मन्दीरहरू बाँकि हुनेछन, नेवार खाजा र परिकारहरू हुनेछ केही नृत्य, हाकुपटासि लुगा र गहनाहरू पर्यटकलाई देखाउन बाँकि रहनेछ, तर नेवार आत्मा रहने छैन, ती संसारमा सर्वोत्कृष्ट मध्ये एक कहलाइएको नेवार सभ्य जीवनशैली जिउने जीवन रहने छैन, नेवारभाषाको अनुपस्थितिमा बाँकि बचेखुचेका नेवार धरोहरका जिवन्तता पटक्कै रहने छैन ।

धन्य भगवान, हाम्रा केही नेवार युवाहरू अझै पनि आफू नेवार हुनुमा गर्व गर्छन् । वास्तवमा यी युवाहरूले सार्वजनिक गरेको नेवार-गर्व नै हाम्रा नेवार भाषा तथा धरोहर संरक्षण संवर्द्धन गर्ने ती युवाहरूमा प्रचूरमात्रामा रहेको इच्छाशक्तिको सार्वजनिक प्रदर्शन पनि हो । मेरो यो लेख पढीरहेका तपाई पनि त्यो जागरुक युवा मध्ये एक हो । यहाँ के भइरहेको छ, के हुँदैछ भन्ने बुझ्न तपाईंले तपाईंको नजर एकदम खुल्ला राख्न जरुरी छ । तपाई सही तथ्य र सही कारणको निमित गर्वशाली बन्नु पर्छ र सही निर्णय तथा कार्य गर्न प्रतिबद्ध हुनुपर्छ ता कि तपाईंको गर्वशाली भावनाभित्र रहेको शक्तिपुञ्ज एक यस्तो शक्तिमा परिणत हुनेछ कि तपाईका हरेक गतिविधिहरूले तपाईंलाई एक सच्चा गर्वशाली नेवारको रुपमा चिनाउने छ । तपाईले आफ्ना सहमत विचारका युवाहरूसित पहिला एकता गर्नु पर्नेछ । तपाईंहरू एकापसमा समान व्यवहार गर्नु पर्ने छ र तपाईंको भाषा, साहित्य संस्कारलाई पनि समान व्यवहार गरोस भनेर हरेक मोर्चाहरूमा आवाज उठाउनु पर्ने छ । सरकारी स्रोतहरू कुनै एक भाषा, जाति, जात, वर्ग, क्षेत्रको मात्रै हैन सबैको बराबरी हक लाग्ने हुनाले त्यो अनुसारको व्यवहार होओस भनेर बोल्न सक्नु पर्ने छ ।

यदि तपाईं एकताबद्ध हुनुभएन भने कसरी तपाईं हाल एकलौटी गरिरहेको खसभाषी सरकार र त्यसका समर्थकहरूलाई दवाव दिन सक्नुहोला र ? फूट र दुविधाले तपाईं कमजोर बनेरै बस्ने हो भने म ठोकुवा गरीदिन्छु कि खस-एकाधिकारवादी सरकार र समूहले तपाईंलाई चरणबद्ध रुपमा भित्रभित्रै खोक्रो बनाउने छ । सत्ताधारी उच्च घरानिया खस शासक वर्ग तपाईं नेवारहरूको आवाज ठूलो भएको देख्न चाहँदैन, तपाई नेवारहरूको एकता बलियो भएको देख्न चाहँदैन, किन कि तपाईं नेवारहरू यो देशमा उज्यालोको स्रोत हुनुहुन्छ । जब तपाईहरूको आवाज क्षितिजमा सुनिन थाल्छ, जब तपाईहरूको एकतावद्ध भइ सार्थक लक्ष्य हासिल गर्न जुट्नु हुन्छ तब देशमा परिवर्तन आउँछ, तपाईंहरूको त्यो क्रियाकलापले नेपालका सबै रैथाने समूहहरू लिम्बु, राई, मगर, थकाली, तामाङ, मैथिल, थारु, भोजपुरी, अवध, गुरुङ, शेर्पा र अन्य आदिवासी जनजातिहरू समेत लाभान्वित हुनेछ र सबैले सबैलाई सम्मान गर्ने र सह अस्तित्व निर्माण गर्नै पर्ने बाध्यतामा खस शासकहरू धकेलिने छ । यो नबिसौं कि तपाईं नेवारहरू जस्तै ती सबै अन्य गैर खस जातका आदिवासी जनजातिहरू पनि तपाईंहरू झै समान अवसर र अधिकारका हकदार हुन । तपाईहरू अघि बढ्नोस् र सबैलाई सम्मानपूर्वक अँगाल्नोस, वहाँहरूको आ-आफ्नै मातृभाषामा बोल्न प्रयोग गर्न घच्घच्याउनुहोस, मातृभाषा प्रयोग गर्न विर्सिसकेको जमातलाई फेरि एकपल्ट मातृभाषा सिकेर प्रयोग गर्न सक्दो सहयोग र प्रेरणा दिनुहोस् । वहाँहरूको आ-आफ्नो मातृभाषा पनि उतिकै 'नेपाली' हो जति 'खस भाषा' हो, जति तपाईंको 'नेवार भाषा' हो भन्ने चेतना छर्नुहोस ।

'खस भाषा'लाई जति अधिकार र सुविधा छ, त्यतिकै अधिकार र सुविधाको हकदार हाम्रो आफ्नो भाषा पनि हो । त्यसैले तपाईले पढ्ने पढाउने विद्यालयहरूमा तपाईंको नेवारभाषा पनि पढ्ने पढाउने व्यवस्था चाहियो भनेर माग गर्नुहोस । इतिहास-भुगोल, सामाजिक शिक्षा जस्ता विषयहरू तपाईंको आफ्नै भाषामा पढ्न पढाउन माग गर्नुहोस् । तपाईंका विद्यालयको 'नेपाली विभाग'मा 'खस भाषा' जानेका शिक्षक मात्रै हैन, तपाईंको विद्यालय पढ्ने हरेक जनजातिका भाषा जानेका शिक्षकहरूलाई पनि जागिर दिनु पर्छ, दरबन्दी खोल्नु पर्छ भनेर माग गर्नुहोस । तब बल्ल त्यो विभाग साँचो अर्थमा "नेपाली विभाग' हुनेछ । खस भाषा मात्र पढाएर कसरी 'नेपाली विभाग' भयो त्यो ? भनेर प्रश्न गर्नुहोस । 'नेपालीमा लेखेको निवेदन'को रुपमा तपाईको आफ्नै भाषामा निवेदन लेखेर अड्डा अदालतमा दर्ता गर्ने प्रयास गर्नुहोस-हुँदैन भन्यो भने किन हुँदैन भनेर प्रश्न गर्नोस र खस भाषाको एकाधिकार लाई चुनौति दिनुहोस । खसभाषालाई मात्रै नेपालीको हैसियत दिएर नेपाल भित्रै जन्मेका, हुर्केका जिवन्त सम्पूर्ण भाषाहरूलाई अनेपाली बनाउने अत्याचार लाई जहाँ जुन ठाउँबाट चुनौति दिन मिल्छ चुनौति दिनुहोस ।

यदि हामीले हाम्रो साश्वत अधिकार माथि दावि नगर्ने हो भने हामी कसरी हाम्रो अधिकारलाई हासिल गर्न सक्छौं ? त्यसैले जब हामी हाम्रो भाषामाथिको अत्याचार पन्छाउन संघर्ष थाल्छौं, तबदेखि हामीले हामी गर्वशाली नेवार हौ भनी गरेको घोषणा सार्थक बनाउन शुरु गर्छौं । लौ त मित्रहरू आजदेखि हाम्रो भाषा अभियान शुरुवात गरौं र त्यो क्रममा भोगेका तीता मिठा घटनाका अनुभवहरू पनि बाँड्न थालौं । अस्तु ।

राम महर्जनका दुई कविता

चुप लागेर नबसौं

बन्दै बन्दको झापडले
तीन त्रिभुवन देखेका नेताहरूले
जेठ १ गते सम्म सहमति हुन बाँकि सबै विषय
जेठ २ गते नै सहमतिको घोषणा

वाह ! शक्तिशाली जादुका छवी बोकेका नेताहरू
सबै जनालाई भ्रममा राख्न
आतुर भई निकालेको जुक्तिले
अधुरो सहमति जुराईयो त्यसबेला

समय छउन्जेल आपसी खिचातानी
मै बिताइयो
जब भयो राती तब बुढी ताती झै
जेठ १४ को मध्य रातमै
चुनावी कनिका छरियो देशमा

देश चलाउने तरिका यस्तै त हो नी
हामी जनता पो लाटो रहेछन
नेताहरूको परिश्रम र मेहनत यहाँ
हलुवा स्वाहारी भन्दा मिठो रहेछ

जनता हो अब कम्मर कसौं
४ नेताले जे जे भन्छन
चुपचाप सहेर नबसौं हामी
एक एक सँग जवाफ मागौं सडकमा
उभ्याई उभ्याई

कालै कालको वेदना

भनिन्छ स्वर्णिम लिच्छवी काल
रितिरिवाज चलाइयो मल्लकाल
एकतामा बाँधियो पृथ्वी काल
अँध्यारोमा डुबाइयो राणाकाल

थियो केही वर्ष शाहवंशीय काल
चल्यो पंचायती राज तीसौं साल
त्यसैबेला भयो दरवारीया मालामाल
कारणवश ल्याइयो जनताले गोलमाल

समय सिमा भित्र आउँछ सबैको काल
माझीले फ्याकिन्छ नदिमा जाल
सुन्नमा रमाइलो मादलको ताल
फलिफाप देखिएन अठ्सातो साल

भनिन्छ सबै जना कस्तो अनिकाल
मानिसहरूको रहनसहनले झल्काउँछ सहकाल
दलगत स्वार्थमा नेताहरूको मायाजाल
गरिएन ठुलानेताले जनताको देखभाल

त्यो पनि थियो एउटा काल
अहिले त झन गणतन्त्र काल
कस्को पालामा कस्को के चाल
जो जो सत्तामा पुग्यो
उही उही भयो मालामाल
काल त कालै रहेछ
पंचायती कालमा कांग्रेस राजद्रोही
कांग्रेसी कालमा कम्यूनिस्ट देशद्रोही
गणतन्त्र कालमा राष्ट्रद्रोही को भयो

राम महर्जन
नगाउँ, कीर्तिपुर

सुन्नुहोस जनता कालै कालको वेदना
कसैको पालामा देशको भू-भाग नै खोसियो
तर पनि कोही नेताहरूले रोक्न सकेन
बरु बैठकै बैठकमा देशको ढुकुटी सिध्यायो

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा	नेपाली भाषा
जि - *म*	जिं – मैले
छ - *तिमी*	छं – तिमीले
व- ऊ, उनी, तिनी	छिसं - तपाईंल
झी- हामी	वं - उसले
छिपिं - तिमीहरू	वय्कलं - उहाँले
इपिं – तिनीहरू	छिकपिंसं-तपाईहरूले
छि–*तपाईं*	झीसं- हामीले
छितः-तपाईलाई	वय्कःपिंसं-उहाँहरूले
वय्कः - उहाँ	छिमिसं- तिमीहरूले
वय्कःपिं- उहाँहरू	इमिसं- तिनीहरूले
वय्कःयात-उहाँलाई	मेपिंसं-अरूहरूले
छिकपिं- तपाईंहरू	जिके- मसँग
छिकपिंत-तपाईंहरूलाई	छन्के -तिमीसँग
मेपिं-अरूहरू	छिके -तपाईंसँग
मेपिंत- अरूहरूलाई	छिकपिंके-तपाईहरूसँग
जितः- मलाई	वयाके-उसँग
छन्त- तिमीलाई	वय्कःपिंके-उहाँहरूसँग
वयात- उसलाई	झीके- हामीसँग
झीत- हामीलाई	छिमिके-तिमीहरूसँग
छिमित- तिमीहरूलाई	इमिके-तिनीहरूसँग
इमित- तिनीहरूलाई	मेपिंके-अरूहरूसँग
रामयात- रामलाई	रामयाके- रामसँग
श्यामयात-श्यामलाई	श्यामयाके-श्यामसँग

प्रथम सुरेश स्मृति फुटसल प्रतियोगिता पाँगा मा.वि.को हातमा

नवीन महर्जन

गत भाद्र ४ गते सोमबारदेखि संचालन भएको कीर्तिपुर न.पा. व्यापी प्रथम सुरेश स्मृति विद्यालय स्तरीइ फुटसल प्रतियोगिता भाद्र ९ गते सम्पन्न भएको छ।

नयाँ बजार क्लबको आयोजनामा कीर्तिपुर सामुदायिक वास्केटवल कोर्टमा सम्पन्न यस प्रतियोगितामा सहभागी आठ विद्यालयलाई दुई समूहमा विभाजन गरिएको थियो। जसबाट उत्कृष्ट २/२ टिम नकआउट चरणको लागि छनौट भएको थियो । जस्मा समूह 'क' बाट पुस्पसदन र लेबोरेटरी सेमिफाइनलमा पुगेको थियो भने समूह 'ख' बाट पाँगा मा.वि. र राराहिल मे.स्कुल सेमिफाइनलमा पुगेको थियो ।

यस प्रतियोगिताको पहिलो सेमिफाइनल पुष्पसदन र राराहिल स्कुल विच तथा अर्को सेमिफाइनल खेल पाँगा मा.वि र लेबोरेटरी विच गत भाद्र ८ गते शुक्रवार सम्पन्न भएको थियो । जस्मा पहिलो सेमिफाइनल अन्तर्गत राराहिल र पुष्पसदन विच भएको खेलमा राराहिल स्कुलको मनिष महर्जनको १ गोलको मद्दतले फाइनलमा पुग्न सफल भएको थियो ।

त्यसैगरी दोस्रो सेमिफाइनल खेलमा पाँगा मा.वि स्कुलले लेबोरेटरी लाई ४-१ गोलले पराजित गरी फाइनलमा पुग्न सफल भएको थियो । राराहिल मेमोरियल र पाँगा मा.वि. विच भाद्र ९ गते शनिवार सम्पन्न फाइनल खेलमा पाँगा मा.वि. १-० गोलले रार ाहिल स्कुललाई पराजित गरी प्रथम हुन सफल भएको छ।

उक्त फाइनल खेल पश्चात प्रमुख अतिथि रा.खे.प.का सदस्य सचिवको प्रमुख आतिथ्यमा पुरस्कार वितरण गर्ने कार्यक्रम भए पनि सदस्य सचिवको उपस्थित नभएकोले राष्ट्रिय खेलकुद परिषदका सदस्य मन वहादुर न्यौपानेको प्रमुख आतिथ्यमा, अतिथि प्रा.डा. रामकृष्ण महर्जन, स्वर्गिय सुरेश महर्जनका श्रीमती इन्दू महर्जनको उपस्थितिमा विजयी तथा उपविजयी टिमलाई ट्रफी, मेडल एवं प्रमाण पत्र वितरण कार्यक्रम भएको थियो ।

यस प्रतियोगिताको बेस्ट प्लेयर पाँगा मा.वि.का सुरेश र ाई तथा टप स्कोरर सोहि स्कुलका रबर्ट के.सी. हुन सफल भएको थियो । निकै प्रतिस्पर्धात्मक फाइनल खेलमा खेलको अन्ततिर गरेको १ गोलले पाँगा मा.वि. उपाधि हात पार्न सफल भएको थियो ।

कीर्तिपुर सामुदायिक वास्केटवल कोर्टमा सम्पन्न यस फुटसल प्रतियोगिताले युवाहरुको मन जित्न सफल भएको छ । सँधै परिरहेको पानीको पनि पर वाह नगरी खेलाडिहरुले आफ्नो कलाकौशल प्रदर्शन गरेको थियो ।

फुटवलको पारखी कीर्तिपुरवासीलाई फेरि एकचोटि पहिलाको इतिहास सम्झिने माहौल यस प्रतियोगिताले बनाइएको थियो ।

त्रि.वि.को फुटवल मैदान हुँदा यहाँ फुटबल खेलको लोकप्रियता निकै थियो । अहिलेको 'ए' डिभिजनमा खेल्ने मनाङ मर्स्याङदी र नयाँबजार क्लबको फुटवलको इतिहास एउटै समयको थियो । भू.पू. अध्यक्ष स्व.सुरेश महर्जनको अगुवाईमा त्यसबेला लिग खेलमा सहभागिता जनाइएको थियो ।

उक्त राष्ट्रिय लिग प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेतापनि छनौट हुन असफल रह्यो ।

त्यसपछिको विभिन्न प्रतियोगितामा पनि कीर्तिपुरले सहसभागिता जनाउने र स्थानीय स्तरीय विभिन्न प्रतियोगिता गर्ने गरेका थिए । तर जवदेखि त्रि.वि.को फुटवल मैदानलाई अन्तरराष्ट्रिय क्रिकेट मैदानमा परिणत गऱ्यो त्यसपछि देखि कीर्तिपरको फुटबल प्रायः शुन्य भएको थियो ।

केही हदसम्म पाँगाको सूर्यज्योति क्लब र युथ फोरम क्लबले सम्हालेको छ भने केही केही चोभारको चक्रतीर्थ क्लबले सम्हालेको छ । तसर्थ यस फुटसल प्रतियोगिताले त्यो क्षणलाई ताजा पारेको छ।

कीर्तिपुर खेलकुद मैदान उपभोक्त समितिले यस कीर्तिपुर सार्वजनिक बास्केटवल कोर्ट सँगै फुबलको लागि ९० मिटर लम्बाई र ५५ मि. चौडाई फुटवल मैदान सम्याउने कार्य सम्पन्न गरिसकेको छ । यो वर्षायाम पछि यस कार्यलाई निर न्तरता दिने पनि योजना र ाखिएको छ।

साथै फुटबल मैदानको पुर्वपट्टि अलि ठाउँ व्यवस्थापन गरि कीर्तिपुर न.पा. समक्ष ग्राबिलको लागि पनि निवेदन पेश गरिसकेको छ।

आशा गरौं न.पा.लगायत अन्य संघ, संस्था र खेलप्रेमीहरूको सहयोगमा उक्त स्थानलाई व्यवस्थित खेलग्रामको रुपमा विकास गर्न सकोस् जस्ले यस क्षेत्रको खेलकुद विकासलाई उकास्न मद्दत पुग्ने छ।

बिचाः हाय्का च्वना

जिमि अतिकं स्याःन्याःम्ह पासा जितलाल महर्जन (JL) या मां न्हुच्छे माया महर्जनया २०६९ श्रावण ५ गते शुक्रवाः मदुगुलिं वय्कः पासा जितलालया छँजःपिन्त दुःखं फाया छ्वयत व मदुम्ह मां न्हुच्छेमायायात याकनं सुखावति भुवनय् बास लाय् फय्मा धकाः लत्या क्यंगु भाद्र १७ गते आइतवाःया तिथिसं जिपिं सकल कीर्तिपुर व्यवस्थापन समिति न्हू बजाःया सकल दुजः व सकल बजाःया दुजः पाखें दुनुगलं निसें बिचाः हाय्का च्वना ।

मदुम्ह न्हुच्छे माया महर्जन

बूगु दिंः १९९३ बैशाख

मदुगु दिंः २०६९ श्रावण ५ गते

कीर्तिपुर बजार व्यवस्थापन समिति

सकल दुजः

न्हूबजाः किपू

पूर्व जन प्रतिनिधिहरूलाई अनुरोध

२०४६ साल पछि र कीर्तिपुर नगरपालिका गठन पछि स्थानीय निकायमा जन प्रतिनिधि भई काम गरेका पूर्व जन प्रतिनिधिहरूको साझा 'पूर्व जन प्रतिनिधि मंच' गठन, संचालन सम्वन्धी छलफल गर्न पत्र पठाइसकेकोमा पत्र नपुगेमा पनि यसै अनुरोधलाई आधार मानी तपशिल मिति, समय र स्थानमा हुने भेलामा सहभागीभई दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

तपशिलः–

मितिः २०६९ भाद्र १६ गते शनिवार

समयः विहान १०:३० बजे

स्थानः सेतो गुराँस बाल विकास केन्द्र चीखु, पाँगा

प्रस्तावक

सरब कुमार महर्जन

पूर्व जन प्रतिनिधि

मो. ९८४१३८०५४८

थुनुवाको डायरी–५६

२०६७/०८/२६ आइतबार सरसाठी दिन

आज ४.२० मा निद्रा खुल्यो । ज्याकेट र उनीको टोपी लगाएँ । आजकल सर्दि लाग्छ कि भन्ने मलाई डर लाग्छ । यहाँ विरामी हुनु भनेको काललाई निमन्त्रणा दिनु हो । एकैचोटि पुर्लुक्क मऱ्यो भने त आनन्दै हुन्छ । लामो विरामी भएर मर्नु पऱ्यो भने नरकमा बस्नुजस्तो हुनेछ । यहाँ मेरो को छ ? तैपनि भगवानको कृपाले म राम्रो नम्बर मा सुत्न पाएको छु । हुन त यो कोठामा सबैभन्दा जेठो मै हुँ । जेठो भनेर मैले अहंता जनाएको छैन । तपाईं नभनिकन कसैसँग कुरा गरेको छैन ।

आज जिल्ला अदालतमा मेरो पेशी छ । जाहेरीवालाको बकपत्र, साक्षीको बकपत्र, प्रतिवादीको साक्षीको बकपत्र हुनेछ । आज म पनि जिल्ला अदालत जानुपर्छ । चाँडै जानको लागि यहाँका ईन्स्पेक्टरलाई सिफारिस गर्न राजकुमार नकर्मि आउँछु भनेको थियो । यदि ऊ आएर सिफारिस गरिदियो भने ठूलो गुण मान्ने छु । मिलन गुरुंगले पनि भनिसकेको छ । यहाँ जेलभित्रको सबभन्दा ठूलो मानिस जसलाई ठूलदाइ भन्ने गर्छन उहाँले पनि आज एकचोटि सम्झाई दिन्छु भन्नुभएको छ । हेरुँ समयमा जान पाइएला कि पाईंदैन ।

अस्ति शुक्रवार छुटेंं भने जात्रा हेर्न पाउने आशा थियो । मेरो आशा र आकांक्षा सबै चकनाचूर भयो । तासको महलझैं भताभुंग भयो । यो जेलको दानापानी खान अझै पुगेको रहेन छ । दैवको इच्छा भनेर चित्त बुझाउनु पर्ने भयो । मनलाई सम्हालने अरू बाटोनै के छ ? ६ बजे रेडियो सुन्दै ग्राउण्डमा घुमें । ६.४० मा चिया खाएर ओमशान्तिमा गएँ । ओमशान्तिबाट बाहिर आएर ठूलदाइ भेटें । उहाँलाई एउटा चिट बनाएर दिएँ । उहाँले हुन्छ म मिलाई दिन्छु भन्नुभयो । मेरो मन आनन्दित भयो ।

आज चाँडै खाना खाएर तयार भएर बसिरहेको थिएँ । माईकबाट मेरो नाम बोलायो । दौडेर ढोकामा गएँ । रेणुलाल र हर्ष आएको रहेछ । मलाई समयमा अदालत लैजान ईन्स्पेक्टरलाई सिफारिस गर्न आएका रहेछन् । राजकुमार नकर्मि पनि आउनु भएको रहेछ । मैले उहाँलाई धन्यवाद दिएँ । राजकुमार नकर्मि नेपाली कांग्रेस पार्टीको काठमाडौं १० नं. क्षेत्रीय सभापति, म नेकपा एमाले कीर्तिपुर नगर कमिटीको उपसचिव । तैपनि उहाँले मलाई सहयोग गर्न आफ्नो काम छाडेर आउनु भयो । मेरो आफ्नै पार्टीका साथीहरू कोही पनि आएनन् ।

१२ बजे मलाई प्रहरीहरूले लिन आयो । मसँगै संजय लामालाई पनि एउटै हतकडीमा राखेर बाहिर लग्यो । बाहिर राजकुमार, हर्ष र रेणुलाल मलाई पर्खिरहेका छन् । हात हल्लाएर बिदाई दियो । बाहिर एउटा त्याक्सी बसेर गएँ । अदालत बाहिर बच्चाहरूको जुलुस होला भनेर सोचेर गएको त कहाँ हुने नि । अदालत गेट बाहिर पुग्दा नन्दकुमारी, रामकुमारी, प्रेममाया दिदी, कृष्णा, नीम्ता, सरीता, अनिशा, भान्जा सुनिल, ज्वाईं डा. शिवशरण सबैजना मलाई पर्खिर हेका रहेछन । अदालत भित्र गएँ । त्यहाँ बुद्धिबहादुर दाइ, नर हरि दाइ, सरब, जुजुभाइ, देवर ज पनि आएका रहेछन् । यसरी मेरा मान्छेहरू थुप्रै थिए । अदालत सुरु भएको रहेनछ ।

संजय लामाले प्रहरीहरूलाई चिया खुवाउन लग्यो । म पनि जानैपऱ्यो । एकैछिनमा निर्मला, सवीता, कविता, नीरु र सवीताको आमालाई भ्वाईस अफ चिल्ड्रेनका मान्छेहरूले त्यही होटलमा ल्याए तर मलाई देख्ने बित्तिक्कै बेञ्चमा बसिसकेकाहरू पनि उठेर गए । हामी चिया पिएर इजलाशमा जाँदा बच्चाहरू एक लाईनले बसिरहेका थिए । कवितालाई स्कूल ड्रेसमै ल्याएको रहेछ । मैले उनीहरूसँग बोलें तर कसैले जवाफ दिएन । कविताले मेरो मुख हेर्ने हिम्मत गर्न सकेन । सवीता मुख अँध्यारो पारेर भुईंमा हेरिरहिन् । निर्मला र नीरुले पुलुक्क पुलुक्क मलाई हेरिन ।

इजलासभित्र मेरो नजिक कृष्णा बस्न आइन । उनी सुँक्क सुँक्क रुन थालिन । किन रोएको मलाई हद सजायँ भए छ महिना त हो नि । तीन महिना बसिसकें । किन चिन्ता लिएको भने । "होला छ महिना ! सबैले भन्छन छ वर्षभन्दा कम सजाय हुँदैन । यस्ता मातेका केटीहरूलाई छोरी बनाउनु भयो । आज यस्तो हालत भयो ।" कृष्णाले भनिन ।

बाहिरका मानिसहरू मेरो श्रीमतीलाई सान्त्वना दिनुको बदला चाहिने नचाहिने हल्ला चलाई पिडा दिंदो रहेछ । अर्काको पिडामा आफ्नो खुशी देख्ने मानिसहरू पनि हुँदोरहेछ । टिफिन आवर सकिएपछि अदालत बस्यो । पहिलो बकपत्र जाहेरीवाली निर्मलाले दिइन् । उनी त मदेखि साह्रै रिसाएकी रहिछिन । जाहेरीमा जसरी लेखेकी थिइन् त्योभन्दा फरक बयान दिइन् । जाहेरीमा मैले उनको भित्री लुगा खोल्न खोजेको बयान दिएकोमा अहिले चाहिं सरले सुरुवाल खोल भन्नुभयो म पिशाब गरेर आउँछु भनेर भागें ।" भनिन ।

ल हेर ढाँतेको कुरा काटेपनि मिल्दैन भनेको यही हो । उनले उमेर १५ वर्षकी भनिन ।

"कहाँको १५ वर्ष नि १७ वर्ष भइसकिन् ।" मैले भनें । "तपाईं मेरो जन्मदिने बाबु हो ? मेरो उमेर थाहा पाउनलाई ?"

"तिमीलाई पाल्ने बाबु हुँ । पोहोर साल सोह्रवां जन्मदिन मनाएको होइन ?" म यसरी निर्मलासँग जवाफ सवाल गरेको देखेर नरहरि दाइले मलाई झपार्नु भयो । निर्मला मसँग ठाडठाडै बाझ्न आइ । अब उनीहरूले मेरो पक्षमा बोल्छ भन्ने मेरो विश्वास रहेन । भ्वाईस अफ चिल्ड्रेनका मानिसहरूसँग एकजना शिक्षिकालाई देखेर शिक्षकहरू पनि मेरो विरोधी भयो कि भनेर कृष्णासँग सोधेको त अस्तिदेखि उनीहरू हाम्रो विपक्षमा गएका छन भनिन् । किनभन्दा हामीले स्कूल बन्द गराई दिन्छु भन्यो भनेर नि ! कस्ता कस्ता मान्छेहरू छन । त्यत्रो पढेलेखेका मानिसहरू पनि नचाहिने हल्लामा विश्वास गर्छन् । मैले सफाई पाउँछु कि भन्ने झिनो आशा थियो अब त्यो रहेन । हेरुँ पछि पछि के हुन्छ ।

निर्मलाको वकपत्र पछि अदालत सकियो । भोलि उपस्थित हुने गरी हामी फर्क्यौं ।

आज ६ बजे लोडसेडिंग भयो । खाना खाएर चाँडै सुतें ।

२०६७/०८/२७ सोमवार अरसाठी दिन

आज बिहान ३ बजे मेरो आँखा खुल्यो । बाहिर गएर नित्यकर्म गरी कोठामा आएँ । सुत्ने प्रयत्न गरें । जब मनमा अनगिन्ती कुरा खेल्न थाल्छ । जब मनमा पिडा हुन्छ निद्रा कहाँ लाग्छ र ! मस्जिदमा मुसलमानहरू नमाज पढन जम्मा भैरहेका छन । उनीहरू धर्ममा कति कत्तर छन । कोठामा कोही घुर्रर्र घुर्रर्र घुरिरहेका छन । कोही किरर किरर मुसाले धान खाएकोजस्तो आवाज निकालेर दाँत बजाइरहेका छन ।

हिजो मेरो मनमा ठूलो चोट पऱ्यो । मेरो सोचाइ, मेरो विचार सबै हिजो चकनाचूर भयो । ऐना फुटेझैं टुक्रा टुक्रा भयो । अर्काको बच्चाहरूप्रति मेरो मनमा रहेको माया, ममता र स्नेह सबै उडेर गए । म एउटा भ्रान्तिबाट बाहिर आएँ । मानवीय सेवानै ठूलो धर्म हो भन्ने मेरो विचार गलत रहेछ । यो एउटा बच्चाहरूप्रति मेरो मनमा रहेको मोह रहेछ । मेरो असफल जिन्दगीको एउटा दास्तान बन्न गएको छ । एउटा झूठलाई सयचोटि हो भनेर दोहोऱ्याए सत्य हुन्छ भन्छन । मप्रतिको अभियोग संस्थाले ती बच्चाहरूलाई घोकाउँदा घोकाउँदा बच्चाहरूको मनमा सत्यजस्तै बनाइदिएका छन । यो निर्मलालाई सोझी केटी भनेको त एक नम्बर हरामी निक्लिन । कस्तो झूठ बोल्न सकेकी मैले उनको सुरुवाल खोल्न लगाएँ रे जब कि त्यो दिन म पाँगा घरमा गएकै थिएन ।

यदि म जेलभित्रै मरें भने पनि मेरो यो डायरी पढ्नु हुने महानुभावहरूले यो कुरामा विश्वास गर्नुस ०६७ असोज १ गतेमात्र होइन कुनै पनि दिन, कुनै पनि बेला मैले उनीहरूलाई यौन दुर्व्यवहार गर्ने त के यौन दृष्टिकोणबाट हेरेको पनि छैन । मानिस आफ्नो स्वार्थको लागि कतिसम्म तल झर्न सक्दारहेछन भन्ने यो एउटा ज्वलन्त उदाहरण बन्न गएको छ । मलाई बा, डैडी र सर भनी नथाक्ने केटीले त्यस्तो आरोप लगाइन् ।

आज मलाई वितेका कुराहरू सपनाझैं लाग्न थालेका छन । मेरो मुहार अलिकति मलिन देखियो भने, "बा, तपाईंलाई के भयो ? किन मुख अन्ध्यारो छ ?" भनेर मेरो कपाल छाम्छिन् । अनेक किसिमले मलाई हँसाउन खोज्दै भन्छिन, "बा, चिन्ता नलिनुस, हामी धेरै पढ्छु, ठूलो मान्छे बन्छु । हाम्रो कमाइ भएपछि हामी तपाईंलाई पाल्छु ।" यस्तो वचन बोल्ने केटीले हिजो अदालतमा वयान गर्दा मलाई दुराचारी, यौन पिपासु, पशु बनाई दिइन् । उनको मुखबाट मेरो विरुद्ध ओकलेका ती शब्दहरू सुन्दा मेरो मुटु छिया छिया भयो । मेरो छाती चस्स दुख्यो । यदि म मरें भने यही चोटले मर्नेछु । मेरो मनले सहनै सकेन । यति शब्द सुन्नुभन्दा पहिले म किन नमरेको होला ? बरू मरेको भए हुन्थ्यो । मेरो कानको जाली फुटेको भए हुन्थ्यो । म बहिरा भएको भए हुन्थ्यो । अहिले मेरो आँखाबाट बलिन्द्र धारा आँशु बगिरहेको छ । मैले जति थाम्न प्रयत्न गरे पनि थाम्नै सकिन । छिन छिनमा मलाई निर्मलाको कुरा याद आउँछ । कस्तो माया स्नेह दिइ आफ्नै छोरीजस्तै गरी पाली राखेको छोरीले ममाथि यत्रो जघन्य झूठा आरोप लगाइन । उनले हजारचोटि आरोप लगाए पनि त्यो आरोप सत्य हुनसक्दैन । ढुंगालाई देवता ठानेर पूजा गर्दैमा ढुंगाले बोल्छ र ? त्यस्तै उनीहरूले आरोप लगाउँदैमा त्यो झूठ सत्य हुन सक्छ ? कदापी सक्दैन ।

यी कुराहरू सम्झिंदा मात्र पनि मेरो आँखाबाट बलिन्द्रधारा आँशु झर्दैछ । मेरो आमाबाबुको देहावसानमा पनि सायद यति आँशु झरेको थिएन होला । एक वर्षमा व्यापारमा ३५ लाख रुपैयाँ घाटा हुँदा पनि मैले यति दुःख मनाएको थिएन । आज मैले मन थाम्नै सकिन । जिन्दगीमा कहिलेकहिं अकल्पनीय घटना घट्छ भन्छन यो पनि अकल्पनीय त हो नि । आज अदालतमा सवीता र नीरुले वयान दिनेछन् । हेरुं उनीहरूले के बयान दिनेछन् । उनीहरूले पनि जाहेरीमाजस्तै एक अक्षर फरक नपर्ने गरी वयान दिनेछन् । पिंजडाको सुगालाई "गोपी कृष्ण" भन्न सिकाएझैं उनीहरूलाई पनि संस्थाले कुरा सिकाएर ल्याएको होला । यदि उनीहरूले त्यस्तै वयान दियो भने पर्सि कपाल खौरेर उनीहरूको काजक्रिया गर्नेछु । मेरो मनमा र हेका ती बच्चाहरूप्रतिको माया-मोह भष्म भएको ठान्नेछु । मेरो नयाँ जन्म भएको ठान्नेछु ।

यो कुरा सम्झंदा सम्झंदै मलाई रिंगटा लागेर आयो । मेरो टाउको भारी भयो । जिउ दुखेकोजस्तो कस्तो कस्तो भयो । मैले एक अक्षर लेख्न सकिन । त्यसैले म सुतें । निद्रै लागेन । तैपनि आँखा चिम्लेर पल्टिरहें । मेरो दिमागमा कुनै कुरा खेल्न दिइन् । म भगवानको नाम जपिर हें । तैपनि निद्रा कोसौं दूर भागिसकेको रहेछ ।

५.३० मा उठेर मुख धुन गएँ । एकछिन पछि नम्बर खुल्यो । बाहिर घुम्न गएँ । आधा घण्टा घुम्दा मलाई थकाई लाग्यो डाँडामा गएर चुरोट पिउन लागें । त्यहाँ विकास आयो । हिजो के भयो भनेर सोध्यो ।

"जाहेरीवालीले जाहेरीमा जे लेखेको थियो त्यही दुरुस्त बोलिन तर एउटा कुरो फरक बोलिन । मैले सुरुवाल खोल भन्दा पिशाव गर्ने भनेर भागेर आएँ भनिन । मैले सफाई पाउँछु कि भन्ने झिनो आशा थियो । त्यो पनि टुत्यो । अब मलाई कति वर्षको सजायँ हुने होला ।" मैले भनें । "केही पनि हुँदैन । बिना प्रमाण कसैले जाहेरी दिने बित्तिक्कै सजायँ हुन्छ ?" विकाशले भन्यो । त्यहीबेला परशुराम खडका आयो । उसले आउने बित्तिक्कै भन्यो, "अंकल मेरो १७ नं. पुनरावेदनमा दुईजना न्यायाधिशको राय बाझ्यो । त्यसैले जिल्ला सदर गरिदियो । अब सर्वोच्चमा जाने ।" यहाँ यस्तै गफ हुन्छ । जहाँ चारजना मानिसहरू बस्छन त्यहाँ आ-आफ्ना मुद्दाको कुरा हुन्छ । रामलालको जाहेरवालाले मुद्दा फिर्ता लियो रे । अब पुस ४ गते पेशी छ सायद त्यतिबेला छुट्छ कि भनेर आशा गरेको छ । म ओमशान्तिमा गएँ । मुरली सुनें । मेरो एउटा कानबाट पसेर अर्को कानबाट निस्किरहेको छ । के भनेको हो के भनेको हो मैले बुझ्नै सकिन । जब मन गोलमाल हुन्छ, दिमाग ठाउँमा रहँदैन अनि के बुझ्छ ? मानिस यस्तै भएर बहुलाउँछ होला । तर म बहुलाउँदिन । मैले मन दह्रो बनाउनु पर्छ । मलाई अझ बाँच्नु छ । दह्रो भएर बाँच्नुपर्छ । मैले यहाँ जेलमा भोगेका भोगाईहरू अरूलाई सुनाउनु छ । जसले गर्दा अरुले पनि केही ज्ञान सिकोस ।

विहानको खाना खाएर आएँ । अहिले मलाई केही लेख्न मन लागेन, न त पढ्नै मन लाग्यो । बाहिर यताउता घुम्दै समय बिताउन लागें । आज मलाई भेट्न छोरा आउँछु भनेको छ । छोरा आउने दिन मलाई रमाइलो लाग्छ । निरज मेरो छोरामात्र होइन, अब त एकदम मिल्ने साथीजस्तो भैसकेको छ । म ग्राउण्डमा घाम तापेर बसिरहें । माईकबाट मेरो नाम बोलायो । म दौडेर ढोकामा गएँ । बाहिर हेरको त मेरो छोरा बुहारी आएका रहेछन् । म हर्षित भएँ । उनीहरूसँग एकछिन कुरा गरें । उनीहरूलाई अदालत जानु छ । आज अदालतमा ममी(ठूली ममी कोही पनि आउँदैन भन्यो । नआएकै राम्रो भनें । छोरा बुहारी चाँडै गयो । छोराले कुखुराको मासु र सुगर फ्री पाउडर ल्याई दिएको छ । म कोठामा आएँ । आज मलाई केही पनि लेख्न मन लागेन । यताउता घुम्दै भलिवल खेल हेर्दै समय बिताउन लागें ।

मलाई आज पनि अदालत जानु छ । एक बज्यो । सुगर फ्री लिएर होटलमा गएँ । सुगर फ्री राखेर एककप दुधवाला चिया पिएँ । चिया खुब मिठो लाग्यो । एकछिन पछि अदालत जान माईकबाट बोलायो । लुगा लगाएर तयार भएर गएँ । आज पनि संजय लामा र मलाई एउटै हतकडीमा लग्यो । हामी अदालत पुग्दा छोरा-बुहारी, रामकुमारी, नन्दकुमारी, नीम्ता, सरीता र अनिशालाई देखें । के भयो भनेको त विमलाको वयान सकियो । शिक्षिकाको पनि वयान सकियो । हाम्रो कसैको पनि सकिएको छैन भन्यो । आज वयान नसकेकाहरूले भोलि वयान दिन आज हाजिर गर्नुपर्छ । आज हाजिर भएन भने भोलि वयान दिन पाईंदैन । मेरो प्रतिवादीहरू सबै मुसाको मालाजस्तो हात समातेर हाजिर गर्ने ठाउँतिर छन् । मैले बच्चाहरूलाई हेरें । निर्मला एकजना वाहेक सबैको मुख अँध्यारो छ । त्यहाँ बस्दाबस्दै डा.शिवशरण र नित्यमान आए, हाजिर गराउन प्रदीप पनि आयो । ४ बज्यो । भोलि आउने भनेर फर्कियौं ।

आज ८ बजे लाइन आयो । टी.भीं हेरेर समय बिताएँ । ९.४५ बजे सुतें । *क्रमशः*

हैन त ? –निरज

राष्ट्रिय दैतिक पत्रपत्रिकामा वर्गीकृत तथा अन्य संचार माध्यममा विज्ञापन गर्नु गर्नु परेमा किपू बूक प्वाइन्टलाई सम्पर्क गर्नु होला ।

किपू बुक प्वाइण्ट

कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५

'देश र अध्यादेश'

ब्यंग सन्देश

सत्य कुमार महर्जन

देशमा अब अध्यादेशको लस्कर लागेको छ रे । देश चलाउन अध्यादेशको अत्यावश्यक भएको छ रे । हालै मात्र सरकारले अनुमोदनको लागि राष्ट्रपतिकहाँ पठाएको 'निर्वाचन सम्बन्धि केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र संविधान सभा सदस्य निर्वाचन अध्यादेश २०६९' लाई राष्ट्रपतिले फिर्ता पठाएपछि सरकार हतोत्साहित भएको छ। सरकारको राजनीतिक सल्लाहकार देवेन्द्र पौडेलले अब राष्ट्रपति कहाँ एघार बाह्रवटा अध्यादेश पठाउन लागेको ती अध्यादेशहरू अनुमोदन नभएमा सडकबाट आन्दोलन गर्ने धम्कि दिएका छन । हुन त सरकार टिकाउनको लागि अध्यादेश अत्यावश्यक भएको छ। किन कि देशमा संविधान सभा छैन । आफ्नै सरकारले संविधान सभाको अवधि सकिनु केही समय अघि नै नयाँ निर्वाचनको घोषणा गरी घाँटी निमोठी अवसान गराएको थियो। संविधानमा नयाँ निर्वाचनको लागि धेरै विषयमा संशोधन गर्नु बाँकि नै थियो। संविधान सभाको निर्वाचनमा कति जना सभासदको निर्वाचन गर्ने भन्ने निर्णय नै नभई संविधान सभाको विघटनले अध्यादेश आवश्यक भएको होला ।

अब देश भनेको अध्यादेश हुने भएको छ। देशमा अध्यादेश नल्याएमा सरकार पनि नचल्ने र देश पनि नचल्ने अवस्था आएको छ । कि अध्यादेश जारी गर कि मर जस्तो भएको बाबुराम सरकारको लागि मर्नु भन्दा अध्यादेश ल्याउन सडक संघर्ष नै उत्तम विकल्प होला । दलहरू सहमती पनि नगर्ने र अध्यादेश पनि जारी गर्न नदिने सोचको कारण होला वा राजनीतिक सल्लाहकारको रुपमा जुन सरकारको मानो खाएको छ त्यो पचाउनको लागि आन्दोलनको विकल्प नदेखेको होला। देशमा शान्ति सुरक्षा कायम गर्नु सहयोग नगर्ने विपक्ष, देशमा संविधान जारी गर्न सहयोग नगर्ने पनि विपक्ष, देशमा नयाँ निर्वाचन गर्न नदिने पनि विपक्ष, देशमा सरकार चलाउन अध्यादेश जारी नगर्न राष्ट्रपतिलाई दवाव दिने पनि विपक्ष भनेर सल्लाहकारलाई लागेको होला । तर के गर्नु देशमा विपक्ष नै चाहिने रहेछ सहमती गर्नको लागि । राष्ट्रपति नै विपक्ष भए पछि कस्को के लाग्छ र ?

हुनत राष्ट्रपतिलाई सरकारको निर्णय मनाउन के गर्नु पर्दछ। उनीहरूलाई राम्ररी थाहा छ। हालै मात्र दुई वरिष्ठ उपप्रधानमन्त्रीलाई राष्ट्रपतिका पठाई चेतावनी पनि दिई सकेको छ। राष्ट्रपतिले संविधानको दायरालाई पालना गर्ने वचन दिनु भयो, सरकार लाई सहयोग गर्ने वचन दिनुभयो रे। आफ्नो सत्ता बन्दुकको नालबाट मात्र निस्कन्छ भनेर थाहा हुनेलाई आफ्नो अनुकुल काम गराउन वा उपयोग गर्न माहिर रहेकाहरूलाई धम्कि, सडक आन्दोलन,तथा अन्य आन्दोलन पनि सहजै होला तर विपक्षसँगको सम्बादमा, राष्ट्रपतिसँगको सम्वाद, छलफल पनि आफ्नो प्रतिकूल हुनासाथ रिसाउने, अरुलाई शान्ति विरोधी देख्ने, संविधान विरोधी देख्ने, संघियता विरोधी देख्ने बानीले गर्दा देशमा अझ मुठभेदमा जाने खतरा कायमै छ।

देश अध्यादेशबाट जति चलाउन खोजिन्छ वा देश सरकार को आदेशबाट जति शासन गर्न खोज्छ । त्यहाँ हावा भएको वललाई लाटीले हिर्काए सरह नै बल उफ्रे झैं विपक्ष पनि उफ्रने भयो। देशमा नेताहरू विभाजित छन, देशमा दलहरू विभाजित छन, देशमा कार्यकर्ताहरू विभाजित छन, देशमा जनता विभाजित छन । त्यसैले देश चलाउन अध्यादेश खतरामा छन । देश अध्यादेशबाट हैन दलहरूको सहमती, सहकार्य एकताबाट चलाउनु पर्दछ नत्र सरकारको आदेश उल्लंघन हुनसक्छ।

लँ च्वना दिसँ

जनकवि दुर्गा लाल श्रेष्ठया च्वसाय् गुज्जे मालाकारया लसय् नेवाः म्ये म्यूजिक भिडियो "झी नेवाः" मंगल उच्च मा.वि. किपूया स्वर्ण जयन्तिया लसताय् थ्वहे ला दुने पिथने त्यंगु दु । पिकाकः मंगल उच्च मा.वि, किपू –३

कीर्तिपुर स्वयंसेवक समाजको अभिमुखीकरण तालिम

कीर्तिपुर स्वयंसेवक समाज विगत ८ वर्षदेखि शिक्षा, प्रकोप, स्वास्थ्य आदि क्षेत्रमा कीर्तिपुरमा क्रियाशील एक नाफारहित युवाहरुद्धारा संचालित गैरसरकारी संस्था हो ।

यसै सन्दर्भमा समाजले हालै कीर्तिपुर नगरपालिका वडा नं.३ स्थित भञ्चापुखुसी टोलमा मिति २०६९/०४/१९ गते भएको भीषण आगलागीपछि गठित स्थानीय अग्नि पिडित राहत समिति र जुद्ध वारुण यन्त्र, काठमाडौंको संयुक्त सहकार्यमा आगलागी सम्बन्धी जनचेतनामूलक अभिमुखी–करण कार्यक्रम मिति २०६९/०५/१६ गते शनिबारका दिन, साँझ ५ बजे, की.न.पा,वडा नं ३, तननी टोलमा आयोजना गर्न लागेको छ ।

उक्त अभिमुखीकरण कार्यक्रममा सहभागि हुन सम्पूर्ण कीर्तिपुरवासीलाई अनुरोध गरिएको समाजका सचिव सरल गोपाल महर्जनले जनाउनु भएको छ ।

कीर्तिपुरमा पहिलो पटक फुटसल प्रतियोगिता

गत भाद्र ४ गतेदेखि भाद्र ९ गतेसम्म कीर्तिपुरको सामुदायीक बास्केटवल कोर्टमा नयाँबजार क्लब कीर्तिपुरले विद्यालयस्तरीय फुटसल प्रतियोगिताको आयोजना गरिएको थियो ।

नयाँबजार क्लबका पूर्व अध्यक्ष स्व.सुरेश महर्जनको सम्झनामा आयोजना गरेको उक्त फुटसल प्रतियोगितामा कीर्तिपुर क्षेत्रका ८ वटा विद्यालयहरूको टिम पुष्पसदन आवासीय मा.वि., उज्ज्वल शिशु निकेतन एकेडेमी, लेबोरेटरी उच्च म.वि। पाँगा मा.वि, हिलटाउन उच्च मा.वि, राराहिल स्कुल, जनसेवा उच्च मा.वि. र मङ्गल उच्च मा.वि. ले भाग लिएका थिए ।

राराहिल स्कुल टिम र पाँगा मा.वि. टिम विच भएको फाइनल खेलमा पाँगा मा.वि १-० अन्तरले विजय हासिल गऱ्यो । विजयी टिमहरुलाई प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषदका सदस्य मन वहादुर न्यौपानेले एक समारोहका विच शिल्ड मेडल र प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

उक्त खेलमा बेष्ट प्लेयर पाँगा मा.वि.का सुरेश राई घोषित भएको थियो । त्यस्तै टप स्कोरर पनि पाँगा मा.वि.कै रबर्ट के.सी. घोषित भई दर्शन मोवि कयेरद्वारा प्रायोजित मोबाईल सेट प्राप्त गर्न सफल भएको छ ।क

योग साधना समाज कीर्तिपुरद्वारा रक्तदान कार्यक्रम

विगत ६ वर्षदेखि निरन्तर रुपमा कीर्तिपुरमा योग साधना गर्दै आइर हेको योग साधना समाज कीर्तिपुरले गत भाद्र ९ गते नगरमण्डप श्रीकीर्ति विहार कीर्तिपुरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा महिला र पुरुष गरी ११० जना महानुभावहरूले र क्तदान गर्न फारम भरिएको थियो । जसमा पुरुष ६५ जना र महिला २२ जनाले रक्तदान गर्न सफल भएको थियो । विभिन्न कारणले महिला र पुरुष गरी २३ जनाले रक्तदानबाट बञ्चित हुनु परेको थियो । नेपाल रेडक्रस सोसाईटी कीर्तिपुर शाखा र रेडक्रस युथ सर्कलको रक्तदान अभिमुखीकरण तालिमले गर्दा रक्तदानमा सहभागीहरूको बृद्धि भएको देखिन्छ। गत ३ हप्तादेखि हरेक शनिवार कीर्तिपुरमा रक्तदान कार्यक्रम भैरहेको देखिन्छ । हरेक कार्यक्रममा उतिकै रक्तदाताहरूको उपस्थिति रहेको छ । सो दिनमा रक्तदान गर्नेहरूलाई आउदो भाद्र १६ गते शनिवार प्रमाणपत्र वितरण गरिने सो समाजका अध्यक्ष रामकृष्ण महर्जनले जानकारी दिनु भएको छ ।

जन-पोलिक्लिनिकले निःशुल्क स्वास्थ्य शिविर गर्ने

कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रबाट संचालित जन-पोलिक्लिनिकले आफ्नो स्थापनाकालदेखि विभिन्न समयमा विभिन्न रोगको निशुल्क स्वास्थ्य शिविर चलाउँदै आइरहेकोमा आउने भाद्र १६ गते शनिवार बालर ोग सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने भएको छ ।

उक्त शिविरमा बाल रोग सम्बन्धी विशेषज्ञ चिकित्सकहरू डा.रोजेन सुन्दर श्रेष्ठ, डा. कृष्ण पौडेल, डा. सुभाष शाहको सहभागिता रहने छ ।

साथै उक्त शिविरका सहभागीहरूलाई जन-पोलिक्लिनिकको एक्स-रे, ईसीजी एवं अन्य जाँचहरूमा तोकिएको सहुलियतपूर्ण शुल्कमा २५ प्रतिशत छुट दिइने प्रवन्धक कृष्ण महर्जनले जनाउनु भएको छ ।

शिविर विहान १० बजेदेखि ३ बजेसम्म चालू रहने छ ।